कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

प.सं. : २०७७/०७८
फोनः ०१०-५४२०१९
च.नं. :

मिति : २०७७।०४।२३

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सुचना ।**

(प्रथम पटक प्रकाशित मितिः- २०७७-०४-२३)

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं २०७७/७८ च.नं २३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं | बिज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभवः

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभब र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिबेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभब, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभब भएको ।

(ग) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थानः- कालिका गाउँ कार्यपालिकाको कार्यालय

३ दरखास्त दिने अन्तिम मितिः- २०७७/०५/०५ (कार्यालय समयभित्र)

४. आबेदनको दस्तुरः- रु. ५००

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परिक्षा

६. आबेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू

- नेपाली नागरिकताको प्रमाणपत्र
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभब खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुबिधाः- नियमानुसार ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यबिबरणः- कार्यालयले तोके बमोजिम ।

नोटः आबेदनको ढाँचा र प्राबिधिक सहायक पदको कार्यबिबरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

प्रकाश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत